एडीबी
समाचार
नेपालबाट

वेबसाइटः http://www.adb.org/NRM
इमेलः adbnrm@adb.org

एशियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने त्रैमासिक समाचारपत्र

बैशाख, २०६०

# साझेदारको सर्वसम्मतिबाट क्षेत्रगत सुधार

## प्रमुख साझेदारहरूद्वारा एडीबी सहायताका लागि लगानी कार्यक्रमको निर्माण

विकासमा साझेदारहरूको सहभागिताको महत्वलाई मनन् गरी श्री ५ को सरकारले एसियाली विकास बैंक (एडीबी) को सहयोगमा साझेदारहरूसँग वृहत परामर्श गर्दै सामुदायिक खानेपानी तथा सरसफाई परियोजना तयार गरिरहेको छ। एडीबीका आगामी सहायता परियोजना तथा भावी लगानीहरूलाई समेत समेट्ने उद्देश्यले सर्वसम्मतिबाट क्षेत्रीय रणनीतिको विकास गर्न ८२ वटा संघ/संस्थाहरूको प्रतिनिधित्व गरिरहेका १ सय ६० भन्दा बढी व्यक्तिहरूलाई यस परियोजना तयारी प्रक्रियामा समेटिएको छ।

परियोजना तयारीसम्बन्धी प्राविधिक सहायता तीन चरणमा कार्यान्वयन भइरहेका छन्। पहिलो चरण वि.सं. २०५९ साल कात्तिक महिनामा पूरा भएको थियो। यसमा भौगोलिक सूचना प्रणाली (जीआईएस) का माध्यमबाट साझा सूचना आधार तयार गर्न खानेपानी तथा सरसफाई क्षेत्रमा सक्रिय रहेका सबै प्रमुख विकास साझेदारहरूबाट तथ्यांक संकलन गरिएको थियो। स्रोत विनियोजनका लागि पूर्ण पारदर्शि प्रक्रियाको आधार नै यही जीआईएस तथ्याङ्क हुनेछ। यसमा मानव विकास सूचकाङ्क, झाडापखाला प्रकोपका घटना, गरिबी र खानेपानी तथा सरसफाई सुविधाको उपलब्धताका आधारमा सबभन्दा बढी आवश्यक देखिएका क्षेत्रहरूका लागि स्रोत विनियोजन गरिनेछ।

'सर्वसम्मतिका माध्यमबाट परियोजना संरचना (डिजाइन)' नामक दोस्रो चरणमा क्षेत्रगत सर्वसम्मति विकास गर्ने प्रयास गरियो। व्यवसायिक सहजकर्ताहरूको टोलीले यसको प्रबन्ध मिलाएको थियो। यस क्रममा केही मुद्दाहरूमा सर्वसम्मति कायम गर्न १६ वटा सर्वसम्मति-विकास कार्यशालाहरू तथा थुप्रै अनौपचारिक छलफलहरू आयोजना गरिएका थिए। नेपालको खानेपानी, सरसफाई र सामुदायिक स्वास्थ्य विकास कार्यक्रमसँग सम्बन्धित सरकारी निकाय, बहुपक्षीय तथा द्विपक्षीय विकास संस्था, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरू, निजी क्षेत्रका फर्म र व्यक्तिहरूको त्यसमा सहभागिता रहेको थियो।



**सबैका लागि खानेपानी** ग्रामीण क्षेत्रका महिलाहरूले सार्वजनिक धारो प्रयोग गर्न घन्टौं हिंड्नुपर्छ। आफ्नै घर नजिक सार्वजनिक वा सामुदायिक धाराको सुविधा पाउने भाग्यमानी कमै हुन्छन्।

यो वृहत र कठिन परामर्श प्रक्रियाबाट राष्ट्रिय ग्रामीण खानेपानी तथा सरसफाई क्षेत्रगत रणनीति मस्यौदा र त्यससँग सम्बन्धित कार्य–योजना तयार पारिएको छ। यसलाई छिट्टै मन्त्रिपरिषद्को बैठकमा पेस गरिनेछ। साझेदार समूहले सर्वसम्मतिबाट तयार पारेको यो क्षेत्रगत रणनीति र कार्य–योजना नै यस क्षेत्रमा एडीबीद्वारा गरिने थप सहायता परियोजनाका लागि आधार बन्नेछ।

प्राविधिक सहायताको तेस्रो चरण यही २०५९ फागुन महिनादेखि सुरु भएको छ। यस क्रममा क्षेत्रगत रणनीति तथा कार्य–योजनालाई थप परिष्कृत गरेर एडीबी तथा अन्य विकास साझेदारहरूको वित्तीय लगानीका लागि उपयुक्त हुने लगानी परियोजनाको विकास गरिनेछ। 'नेपालको खानेपानी क्षेत्रमा थुप्रै ज्ञान

बाँकी पेज २ मा

## यस अंकमा...


- एडीबीका अमेरिकी वैकल्पिक कार्यकारी निर्देशकको नेपाल भ्रमण २
- प्राविधिक सहायता मूल्यांकन प्रतिवेदन तयार, वेबसाइटमा उपलब्ध २
- एडीबीद्वारा सन् २००२ मा नेपालमा सञ्चालित गतिविधिहरूको समीक्षा ३
- नेपालको सार्वजनिक ऋण व्यवस्थापन सुदृढीकरण ३
- कार्यशाला तथा कार्यक्रमहरूको झलक ४
- नियोगका कर्मचारीहरूको समाचार ४

# एडीबीका अमेरिकी वैकल्पिक कार्यकारी निर्देशकको नेपाल भ्रमण

एसियाली विकास बैंक (एडीबी) मा संयुक्तराज्य अमेरिकाको प्रतिनिधित्व गर्ने वैकल्पिक कार्यकारी निर्देशक लोरी ए फोरम्यानले वि.सं. २०५९ साल माघ ४ देखि ७ गतेसम्म नेपाल भ्रमण गर्नुभयो । आफ्नो नेपाल भ्रमणका क्रममा उहाँले वरिष्ठ सरकारी अधिकारीहरूसँग भेट गर्नुभयो । यसमा मुख्य सचिव डा. विमलप्रसाद कोइराला, अर्थ सचिव भानुप्रसाद आचार्य, सामान्य प्रशासन सचिव नरेन्द्रकुमार श्रेष्ठ तथा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्मा हुनुहुन्थ्यो ।

फोरम्यानले एडीबीको सहायतामा भक्तपुरका महिलाहरूका लागि सञ्चालित लघुकर्जा परियोजनाको स्थलगत भ्रमण गर्नुभयो । यसक्रममा उहाँले लाभान्वित महिला, वित्तीय मध्यस्थकर्ताका प्रतिनिधिहरू तथा महिला विकास विभागका अधिकारीहरूसँग छलफल गर्नुभयो । फोरम्यानले ती महिलाहरूसँग उनीहरूको स्थिति, परियोजनाले ओगटेको क्षेत्र, बचत तथा कर्जाको किसिम र परियोजनाअन्तर्गत हासिल गरेका प्रशिक्षणको उपयोगिताबारे जानकारी लिनुभएको थियो । ■

पेज १ को बाँकी

र नवीन पद्धतिहरू छन्', एडीबीको शहरी विकास विशेषज्ञ नयना मविलमाडाले भन्नुभयो, 'तथापि, अहिले यस क्षेत्रमा कतिपय उत्तरदायित्वरू एक-अर्कासँग परस्पररुपमा जुधेकाले प्रशासनिक तथा कारोबार खर्चमा उल्लेखनीय वृद्धि हुन पुगेको छ, जसको भार अन्ततः नेपाली जनतामाथि पर्न गएको छ । यो लगानी गर्नुको हाम्रो मुख्य उद्देश्य यस क्षेत्रमा लागेका अन्य विकास साझेदारहरूसँग आफ्नो प्रयासलाई एकीकृत गर्दै लगेर स्रोतलाई प्रभावकारी रुपमा उपयोगमा ल्याउनु हो । हामीले सरकारको विकेन्द्रीकरण प्रयासमा पनि सहयोग पुऱ्याइरहेका छौं ।'

यस प्राविधिक सहायताले एडीबीको गरिबी निवारण रणनीतिसँग मेलखानेगरी खानेपानी तथा सरसफाई सुविधाको अभाव रहेका नेपालका अत्यन्तै गरिब तथा पिछडिएका क्षेत्रहरूलाई लक्षित गर्नेछ ।

प्राविधिक सहायता वि.सं. २०५९ साल असार महिनादेखि सुरु भएको हो । यो भौतिक योजना तथा निर्माण मन्त्रालयको निर्देशनमा कार्यान्वयन भइरहेको छ । यसका लागि एडीबीले ७ लाख ५० हजार अमेरिकी डलर (५ करोड ८५ लाख रुपैयाँ) प्राविधिक सहायता अनुदान स्वरुप प्रदान गरेको छ । जापान सरकारको लगानी रहेको जापान विशेष कोषबाट उक्त रकम प्रदान गरिएको हो । यसमा श्री ५ को सरकारले १ लाख ६० हजार अमेरिकी डलर (१ करोड २४ लाख ८० हजार रुपैयाँ) बराबर रकम कर्मचारी तथा अन्य स्रोतहरूमा खर्च गरेको छ । संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (डीएफआईडी), संयुक्त राष्ट्र संघीय बाल कोष (यूनिसेफ), वाटर एड, अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (यूएसएड), अन्तर्राष्ट्रिय विकास समन्वय विभाग (फिनिडा), स्वास्थ्यका लागि पानी नेपाल (नेवा) र विश्व बैंकले थप वित्तीय तथा प्राविधिक सहायता उपलब्ध गराउनुका साथै यो प्रक्रियाका लागि सम्पूर्ण बन्दोबस्त मिलाउने काम गरेको छ । यो सम्पूर्ण प्रक्रिया पारदर्शि ढंगमा सञ्चालन गरिँदै आएको छ । यसका विभिन्न गतिविधिहरूको दस्तावेज तयार पारेर इन्टरनेटमार्फत् सार्वजनिक गरिएको छ । ती दस्तावेज, प्रक्रियाको प्रगति प्रतिवेदन तथा कार्यशालाका अवधारणागत उपलब्धिहरू इन्टरनेटको वेबसाइट http://www.nepalwater.adb.org मा राखिएका छन् । ■

## प्राविधिक सहायता मूल्यांकन प्रतिवेदन तयार, वेबसाइटमा उपलब्ध

जापान विशेष कोषका एक प्रतिनिधिमण्डलले वि.सं. २०५९ साल भदौ २४ देखि २७ गतेसम्म नेपाल भ्रमण गऱ्यो । प्रतिनिधिमण्डलमा एसियाली विकास बैंक (एडीबी) का जापान विशेष कोष संयोजक मेगुमी अराकी तथा अर्थ मन्त्रालय, जापानका एडीबी शाखा प्रमुख सुयोशी ह्युकाई हुनुहुन्थ्यो । उक्त प्रतिनिधिमण्डलले नेपालमा एडीबीद्वारा सहायता प्रदान गरिएका कार्यक्रमहरूको मूल्यांकन गर्न एडीबी प्रधान कार्यालयबाट आएको टोलीसँग मिलेर कृषि क्षेत्रमा सञ्चालित पाँचवटा प्राविधिक सहायता परियोजनाहरूको मूल्यांकन गऱ्यो । यसमध्ये चारवटा परियोजना जापान विशेष कोषको अनुदानमा सञ्चालित थिए । प्रतिनिधिमण्डलले उक्त टोलीसँग मिलेर काम गर्नुको मुख्य कारण एडीबीको प्राविधिक सहायता परियोजनाको मूल्यांकन पद्धतिबारे आफूलाई सुसूचित गर्ने तथा जापान विशेष कोषको अनुदानमा नेपालमा सञ्चालित परियोजनाहरूको कार्य–सम्पादन तथा प्रभाव परिक्षण गर्नु थियो ।

जापान विशेष कोषको सहयोगमा सञ्चालित चारवटा प्राविधिक सहायता परियोजनाहरू निम्न छन् : १) दीर्घकालिन कृषि योजनाको कार्यान्वयन तथा अनुगमन, २) कृषि तथ्यांक विकास, ३) कृषि क्षेत्रमा संस्थागत सुधार, र ४) कृषि क्षेत्रको कार्य-सम्पादन समीक्षा । यी चारवटै प्राविधिक सहायता परियोजनाहरूले नेपालको कृषि क्षेत्रमा तथ्यांकहरूको सुदृढीकरण र संस्थागत क्षमता विकास गर्ने उद्देश्य लिएका छन् ।

नेपाल भ्रमणका क्रममा जापान विशेष कोषको प्रतिनिधिमण्डलले राष्ट्रिय योजना आयोग, कृषि विभाग, सिंचाई विभाग तथा केन्द्रीय तथ्यांक विभागका वरिष्ठ सरकारी अधिकारीहरूसँग भेट गरेको थियो । ती अधिकारीहरूसँग चारवटा परियोजनाहरूले हासिल गरेका उपलब्धि, प्रभाव र स्थायित्वबारे छलफल भएको थियो । प्रतिनिधिमण्डलले धेरै गरिबी व्याप्त भएको पूर्वी नेपालका दुई जिल्लाहरूको भ्रमण पनि गरेको थियो ।

प्राविधिक सहायताको प्रगतिसम्बन्धी लेखापरिक्षण प्रतिवदेन सर्वसाधारणलाई आवश्यक परेको अवस्थामा उपलब्ध गराइनेछ । साथै, http://www.adb.org/Evaluation/reports.asp. मा पनि उक्त प्रतिवेदन उपलब्ध छ । प्रतिवेदनले प्राविधिक सहायताका पाँच परियोजनामध्ये तीनवटालाई सफल र बाँकी दुईवटालाई आंशिक सफलको श्रेणीमा राखेको छ । यसमा उल्लेखनीय मुख्य बुँदा भनेको सुरुमा कृषि क्षेत्रको रणनीति पूरै सरकारी लगानी तथा अनुदानमा निर्भर रहे पनि पछि जापान विशेष कोषले एडीबी कृषि कर्जा कार्यक्रमका सन्दर्भमा यो क्षेत्रको उदारीकरण र यसलाई बजार शक्तिको हातमा छोड्ने सरकारी नीतिमा सहयोग गर्न प्राविधिक सहायता उपलब्ध गराएको थियो । यसअघिको जापान विशेष कोषको सहयोगप्राप्त प्राविधिक सहायताले यस क्षेत्रको प्रगति समीक्षा गरेको थियो । यो नयाँ प्रयासबाट सही उपलब्धि हासिल भइरहेको तथा कृषि उत्पादनमा सकारात्मक प्रभाव परेको संकेत उक्त समीक्षाले गरेको थियो ।

कोषको प्रतिनिधिमण्डल कार्यक्रम मूल्यांकन टोलीद्वारा अंगीकार गरिएको प्रक्रिया तथा प्राविधिक सहायता परियोजनाहरूको मूल्यांकनप्रति एकमत देखिएको थियो । प्रतिनिधिमण्डलले आवश्यक अनुगमन कार्यलाई नियमितता दिनुपर्ने प्रस्तावमा केन्द्रित रहँदै जापान विशेष कोषको सहयोगप्राप्त प्राविधिक सहायताको मूल्यांकनलाई जारी राख्न एडीबीसँग आग्रह गरेको थियो । ■

# एडीबीद्वारा सन् २००२ मा नेपालमा सञ्चालित गतिविधिहरूको समीक्षा

एसियाली विकास बैंक (एडीबी) ले सन् २००२ मा नेपालका लागि ६ करोड अमेरिकी डलर (४ अर्ब ६८ करोड रुपैयाँ) बराबरका दुईवटा ऋण र ३९ लाख डलर (३० करोड ४२ लाख रुपैयाँ) बराबरका नौवटा प्राविधिक सहायता अनुदान परियोजनाहरू स्वीकृत गरेको थियो। स्वीकृत ऋणअन्तर्गत एडीबीले सरकारको माध्यमिक शिक्षा सहायता परियोजना र शहरी तथा वातावरणीय सुधार परियोजनाका लागि ३/३ करोड अमेरिकी डलर (२ अर्ब ३४ करोड रुपैयाँ) प्रदान गर्नेछ।

माध्यमिक शिक्षा सहायता परियोजनाले प्राथमिक तथा माध्यमिक शिक्षा सुधारका लागि एडीबीले विगतमा दिँदै आएको सहायतालाई थप प्रभावकारी तुल्याउनेछ। यसले नेपालका सरकारी विद्यालयहरूमा माध्यमिक शिक्षाको गुणस्तर सुधार्न खोजेको छ। यस परियोजनाले विपन्न तथा सुविधाबाट वञ्चित परिवारका बालिका र केटाकेटीहरूको विद्यालयमा पहुँच पुऱ्याउने उद्देश्य लिएको छ। यो परियोजनाको कुल लागत ७ करोड ५० लाख अमेरिकी डलर (५ अर्ब ८५ करोड रुपैयाँ) रहेको छ, जसमध्ये एडीबीले सहुलियतपूर्ण ऋणअन्तर्गत ३ करोड अमेरिकी डलर उपलब्ध गराएको हो। त्यस्तै, डेनिस अन्तर्राष्ट्रिय विकास सहायताले अनुदानस्वरुप ३ करोड अमेरिकी डलर (२ अर्ब ३४ करोड रुपैयाँ) उपलब्ध गराएको छ भने बाँकी रकम सरकारले लगानी गर्नेछ।

शहरी तथा वातावरणीय सुधार परियोजनाले भने काठमाडौं उपत्यकाबाहिरका नौवटा शहरी क्षेत्रहरूको दीगो विकासलाई प्रबर्द्धन गर्ने उद्देश्य लिएको छ। यसका लागि खानेपानी तथा ढलनिकास प्रणालीको व्यवस्थापन, साना सडक, फोहरमैला तथा खानेपानी विकासजस्ता आवश्यक शहरी तथा वातावरणीय पूर्वाधार र सेवाहरूको सुधार र त्यससँग सम्बन्धित संस्थाहरूको सुदृढीकरण गरिनेछ। यस परियोजनाले १२ हजारदेखि ८९ हजार जनसंख्या भएका मध्य-नेपालका विभिन्न क्षेत्रलाई लक्षित गरेको छ। यसले काठमाडौं उपत्यका र अन्य क्षेत्रहरूबीच रहेको असमानतालाई कम गरेर राजधानीमा हुने बसाईसराईको संख्या न्यूनीकरण गर्न खोजेको छ।

सन् २००२ मा नेपालमा भएको ऋण प्रवाह एडीबीको कार्य-सम्पादनमा आधारित विनियोजन नीतिअन्तर्गत गरिएको अपेक्षाभन्दा कम छ। प्रस्तावित सार्वजनिक क्षेत्र व्यवस्थापन कार्यक्रम (पीएसएमपी) सन् २००३ का लागि सारिएकाले यसो भएको हो। पीएसएमपीअन्तर्गत एडीबीले २ करोड ५० लाख अमेरिकी डलर (१ अर्ब ९५ करोड रुपैयाँ) बराबर नीतिगत ऋण प्रस्ताव गरेको छ। यसले प्राथमिकरुपमा नेपालको वित्तीय अवस्था सुदृढीकरण गर्ने तथा सरकारी स्वामित्वका प्रतिष्ठानहरूमा सरकारको संलग्नता हटाउन सघाउ पुऱ्याउने उद्देश्य लिएको छ।

एडीबीको हालको ऋण तथा प्राविधिक सहायता निवेश सूची (पोर्टफोलियो) का आधारमा सन् २००२ मा एडीबीको कार्य-सम्पादनले अनुमानित ऋण भुक्तानी तथा कार्यान्वयन प्रगतिसँग सामजस्यता राखेको छ। दोस्रो वर्षका लागि सरकार, एडीबी, अन्तर्राष्ट्रिय समन्वयका लागि जापान बैंक तथा विश्व बैंकको एकीकृत राष्ट्रिय पोर्टफोलियो समीक्षा मिसनले सामान्य परियोजना कार्यान्वयनका मुद्दाको पहिचान गर्न सघाउ पुऱ्याउनुका साथै पोर्टफोलियोको कार्य-सम्पादनमा सुधार ल्याउन सरकारलाई सुझाव दिएको छ।

सन् २००२ डिसेम्बर ३१ सम्ममा एडीबीले २ अर्ब अमरिकी डलर (१ खर्ब ५६ अर्ब रुपैयाँ) को एकीकृत सार्वजनिक क्षेत्र कर्जा नेपाललाई उपलब्ध गराएको छ। यो ९९ वटा ऋणअन्तर्गत दिइएको हो। सन् १९६८ यता एडीबीले १० करोड ५० लाख अमेरिकी डलर (८ अर्ब १९ करोड रुपैयाँ) बराबरको २ सय ४३ वटा प्राविधिक सहायता अनुदान नेपाललाई उपलब्ध गराएको छ। नेपालमा एडीबीको गतिविधि सन् १९६९ देखि सुरु भएको हो। पहिलोपल्ट हवाई यातायात विकासका लागि ६० लाख अमेरिकी डलर (४६ करोड ८० लाख रुपैयाँ) को सहुलियतपूर्ण ऋण दिइएको थियो। विगत पाँच वर्षभन्दा बढी समयदेखि एडीबीले वार्षिक औसत ९ करोड ६७ लाख अमेरिकी डलर (७ अर्ब ७४ करोड २६ लाख रुपैयाँ) ऋण नेपाललाई दिँदै आएको छ। ■




**सन् २००२ डिसेम्बर ३१ सम्म नेपालमा सञ्चालित सार्वजनिक क्षेत्र ऋणको क्षेत्रगत वितरण (खुद ऋण रकम प्रतिशतमा)**

| नेपालमा एडीबीको प्राविधिक सहायता, २००२ | अमेरिकन डलर, हजारमा |
|---|---|
| वित्तीय क्षेत्र सुधार केन्द्रबिन्दुका लागि सहायता | १५०.०० |
| सामुदायिक खानेपानी आपूर्ति तथा सरसफाई | ७५०.००[क] |
| शिक्षक शिक्षणका लागि क्षमता विकास | ५००.००[ख] |
| महिला सशक्तिकरण | ४५०.००[क] |
| सार्वजनिक प्रतिष्ठानको निजीकरण तथा खारेजी | १५०.००[ख] |
| व्यवसायिक कृषि विकास | ७००.००[क] |
| रोजगारीका लागि शीप | ४००.०० |
| सार्वजनिक ऋण व्यवस्थानका लागि संस्थागत क्षमता सुदृढीकरण | ४००.०० |
| सामुदायिक पशु विकास | ४००.०० |
| | ३,९००.०० |

*क) जापान विशेष कोषद्वारा लगानी गरिने*
*ख) डेनमार्क सरकारद्वारा लगानी गरिने र एडीबी कार्यकारिणी निकायका रुपमा संलग्न हुने*

## नेपालको सार्वजनिक ऋण व्यवस्थापन सुदृढीकरण

एसियाली विकास बैंक (एडीबी) ले वि.सं. २०५९ साल फागुन १५ गते नेपालको सार्वजनिक ऋण व्यवस्थापन गर्ने क्षमताको सुदृढीकरणका लागि ४ लाख अमेरिकी डलर (३ करोड १२ लाख रुपैयाँ) बराबरको प्राविधिक सहायता अनुदान स्वीकृत गऱ्यो।

यो प्राविधिक सहायताले सार्वजनिक क्षेत्रद्वारा लिइने ऋण र ऋण व्यवस्थापन नीति तयार पार्ने क्षमताका लागि कानूनी, नियामक तथा संस्थागत संरचना विकास गर्न सरकारलाई सघाउ पुऱ्याउनेछ। सार्वजनिक ऋणको उत्तरदायित्व तथा पारदर्शिता अभिवृद्धि गर्ने उद्देश्य पनि यो सहायता कार्यक्रमले लिएको छ।

नेपालको तिर्न बाँकी सार्वजनिक ऋण करिब ३ अर्ब ५० करोड अमेरिकी डलर (२ खर्ब ७३ अर्ब रुपैयाँ) रहेको छ। यो कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ६२ प्रतिशत हुन आउँछ। यसमध्ये वैदेशिक ऋण २ अर्ब ७० करोड अमेरिकी डलर (२ खर्ब १० अर्ब ६० करोड रुपैयाँ) रहेको छ। यो जीडीपीको ४८ प्रतिशत हुन्छ। आन्तरिक ऋण भने ८० करोड अमेरिकी डलर (६२ अर्ब ४० करोड रुपैयाँ) रहेको छ, जुन जीडीपीको १४ प्रतिशत हुन्छ। सरकारको ऋण भुक्तानीमा मुलुकको राजस्वको करिब एक-तिहाई खर्च हुने गरेको छ। हालका वर्षहरूमा राजस्व असुलीमा कमी आएकाले यो अनुपात क्रमिकरुपमा बढिरहेको छ।

वि.सं. २०६० साल वैशाखदेखि कार्यान्वयनमा आउने यस प्राविधिक सहायताका लागि सरकारले १ लाख अमेरिकी डलर (७८ लाख रुपैयाँ) उपलब्ध गराउनेछ। यसको अवधि १८ महिना हुनेछ। ■

# कार्यशाला तथा कार्यक्रमहरूको झलक

एसियाली विकास बैंक (एडीबी) ले विगत केही महिनाहरूमा नेपालमा आफ्नो सहायता कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा विभिन्न कार्यशाला तथा गोष्ठीहरू आयोजना गरेको थियो। त्यसमध्ये केही कार्यशाला तथा गोष्ठीहरूबारे यहाँ चर्चा गरिएको छ :

वि.सं. २०५९ साल पुस २४ गते सामान्य प्रशासन मन्त्रालयका सह-सचिव तथा शासन सुधार समन्वय एकाईका संयोजक दिपेन्द्रबहादुर थापाले एडीबीको नेपाल आवासीय नियोग (एनआरएम) मा 'शासन सुधार कार्यक्रम: अन्तर्राष्ट्रिय कार्य अनुभव, थाइल्यान्ड भ्रमण' सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। यस कार्यक्रममा संलग्न बरिष्ठ सरकारी अधिकारीहरूको नौ-सदस्यीय टोलीले थाइल्यान्ड सरकारले सुरु गरेको निजामति सेवा सुधारका विभिन्न पक्षहरूबारे जानकारी हासिल गर्न २०५९ साल असोज १७ देखि २६ गतेसम्म बैंककको भ्रमण गरेको थियो। त्यसक्रममा शासन सुधारसम्बन्धी विचार तथा अनुभवहरू आदानप्रदान गरिएका थिए।

श्री ५ को सरकारले एडीबीको सहायता कार्यक्रमअन्तर्गत निजामति सेवा सुधारको थालनी गरेको छ। २०५८ साल मंसिर महिनादेखि कार्यान्वयन भएको यस कार्यक्रमको मुख्य उद्देश्य निजामति सेवालाई परिणाममुखी, जनउत्तरदायी र लैङ्गिक-सम्वेदनशील बनाउनु हो।

वि.सं. २०५९ साल माघ १ र २ गते कृषि तथा सहकारी मन्त्रालय, पशु सेवा विभागले नवलपरासीको गैंडाकोटमा घाँसेबाली सम्बन्धी दुई दिने राष्ट्रिय कार्यशाला आयोजना गरेको थियो। कार्यक्रममा सहभागीहरूबीच तेस्रो पशु विकास आयोजनाको घाँसेबाली विकास कार्यक्रममाथि छलफल भएको थियो। यसक्रममा एडीबीद्वारा सहायता प्रदान गरिएको तेस्रो पशु विकास आयोजनाको परिणाम तथा यसले ल्याएको परिवर्तन सम्बन्धमा घाँसेबाली विकास गतिविधिमा संलग्न अन्य संस्थाहरूसँग विचार आदानप्रदान गरिएको थियो। कार्यशालामा मन्त्रालय, विभाग, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाहरू र परियोजना क्षेत्रबाट आएका किसानसमेत गरी ६५ जना प्रतिनिधिहरूले भाग लिएका थिए।

वि.सं. २०५९ साल माघ ६ र ७ गते स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले प्रस्तावित दोस्रो ग्रामीण पूर्वाधार विकास परियोजना सम्बन्धमा काठमाडौंमा राष्ट्रिय कार्यशाला आयोजना गरेको थियो। एडीबीको सहायताप्राप्त सो परियोजना तयारीमा प्राविधिक सहायता दिने क्रममा कार्यशाला आयोजना गरिएको हो। सहभागीहरूले सुरक्षा, संस्थागत क्षमता तथा जमिन क्षतिपूर्तिजस्ता परियोजनाका प्रमुख मुद्दाहरू, परियोजनाको अवधारणा र कार्यान्वयन संरचनाको प्रतिबद्धता तथा प्रभावकारी कार्यान्वयन पद्धति सम्बन्धमा आफ्ना विचार राखेका थिए। यी विषयमा साझेदारहरूले राखेका प्रस्तावहरूमाथि पनि छलफल भएको थियो। कार्यशालामा सरकारी निकाय, स्थानीय निकाय, राजनीतिक दल, गैर-सरकारी संस्थाहरू तथा विकास साझेदारहरूका तर्फबाट ७४ जना प्रतिनिधिहरूले भाग लिएका थिए।

एडीबीका आगामी कार्यक्रमहरू एडीबी/नेपाल आवासीय नियोगको वेबसाइटमा उपलब्ध छन् : http://www.adb.org/nrm ■

# नियोगका कर्मचारीहरूको समाचार

पछिल्ला केही महिनाहरूमा एसियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोग (एनआरएम) का कर्मचारीहरू परिवर्तन भएका छन्। एकजना कर्मचारी २०५९ साल पुस महिनामा एडीबीको प्रधान कार्यालय सरुवा हुनुभएको थियो भने पुस र माघ महिनामा दुईजना कर्मचारीहरु नेपाल आवासीय नियोगमा आबद्ध हुनु भएको छ।



बरिष्ठ आयोजना प्रशासक/कार्यान्वयन अधिकृत तथा उप-राष्ट्रिय निर्देशक **चोङ चि नाई** २०५९ साल पुस महिनाको प्रारम्भमा नेपाल आवासीय नियोगबाट एडीबीको दक्षिण एसिया पूर्वाधार महाशाखामा सरूवा हुनुभएको थियो। बरिष्ठ उर्जा विशेषज्ञका रुपमा उहाँ त्यहाँ जानुभएको हो। चोङले सन् १९९९ जुलाई महिनादेखि नियोगमा परियोजना प्रशासन एकाईको प्रमुख पदमा रही काम गर्नुभएको थियो। नियोगले चोङ र उहाँकी पत्नी मेरिगोल्ड चोङका लागि एक बिदाई समारोह आयोजना गरेको थियो।



नियोगले परियोजना प्रशासन एकाईका प्रमुख पदमा नयाँ नियुक्त भई आउनुभएका **पिटर लोगन**को स्वागतमा पनि एक कार्यक्रम आयोजना गरेको थियो। वि.सं. २०५९ साल माघ २६ गते नियोगमा नियुक्त हुनुभएका लोगन अष्ट्रेलियाका नागरिक हुनुहुन्छ। उहाँले ब्रिसबेन, अष्ट्रेलियाको क्विन्सल्यान्ड युनिभर्सिटी अफ् टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा स्नातक गर्नुभएको छ। उहाँले जलस्रोत व्यवस्थापन, सिंचाई तथा हाइड्रोलिक्समा २८ वर्ष लामो व्यवसायिक अनुभव हासिल गर्नुभएको छ भने एसियाका विकासोन्मुख मुलुकहरूमा एडीबी तथा बहुपक्षीय सहायता परियोजनाका परामर्शदाताका रुपमा २० वर्ष लामो अनुभव पनि हासिल गर्नुभएको छ। सन् १९९७ मा एडीबीसँग आबद्ध भएपछि उहाँले बंगलादेश, कम्बोडिया, पाकिस्तान, श्रीलंका र भियतनाममा प्राविधिक सहायता तथा ऋण परियोजनाहरूको तयारी र प्रशासनिक जिम्मेवारी सम्हाल्दै आउनुभएको छ। नियोगमा आउनुअघि उहाँ एडीबीको मेकोङ विभागको कृषि, वातावरण तथा प्राकृतिक संशाधन महाशाखामा बरिष्ठ परियोजना इन्जिनियर हुनुहुन्थ्यो।



फ्रेन्च नागरिक **लरेन्ट चाजी** भने वि.सं. २०५९ साल पुस २३ गते देखि कृषि तथा ग्रामीण विकास विशेषज्ञका रुपमा एडीबीमा आबद्ध हुनुभएको छ। उहाँले कृषि तथा ग्रामीण विकास प्रगतिको योजना, समन्वय तथा अनुगमन गर्न र नेपालमा एडीबीको कृषि तथा विकास रणनीतिलाई परिस्कृत तुल्याउन सहयोग पुऱ्याउनु हुनेछ। यो पद संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभागको लगानीअन्तर्गत रहेको छ। चाजीले फ्रान्सको पेरिस सेभेन विश्वविद्यालयबाट पीएचडी गर्नुभएको छ। नियोगमा आउनुअघि उहाँ जनवादी गणतन्त्र लाओको भियनटिनस्थित भियनटिन अन्तर्राष्ट्रिय परामर्शदाता कम्पनीमा सह-प्रबन्धक हुनुहुन्थ्यो। त्यहाँ रहँदा उहाँले ग्रामीण विकास तथा प्राकृतिक संशाधन व्यवस्थापन एकाईको जिम्मेवारी सम्हाल्नुभएको थियो। उहाँले सहभागितामूलक प्रयास, खेती प्रणाली तथा क्षेत्र व्यवस्थापन, कार्यक्रम तथा परियोजना व्यवस्थापन र प्रशासन, स्थानीय शासन तथा सार्वजनिक प्रशासन, ग्रामीण सामाजिक-अर्थतन्त्र र पर्यावरण तथा जैविक-विविधताका माध्यमबाट ग्रामीण समुदाय तथा किसानहरूको संस्था विकास गर्नमा विशेषज्ञता हासिल गर्नुभएको छ। कम्बोडिया, फिजि द्विप, फ्रान्स, लाओ, माडागास्कर, नामिबिया, फिलिपिन्स, सोमालिया, तान्जेनिया र भियतनाममा काम गर्नुभएका चाजी आफूले हासिल गरेको वृहत भौगोलिक अनुभव लिएर नियोगमा आउनुभएको छ। ■

एडीबी समाचार नेपालबाट

एशियाली विकास बैंक (एडीबी) को नेपाल आवासीय नियोगले प्रकाशित गर्ने यस त्रैमासिक समाचारपत्रको मुख्य उद्देश्य एडीबी र उससँग आबद्ध समूहहरूबीच सूचना आदानप्रदानलाई विस्तार गराउनु हो। 'समाचार नेपालबाट' ले एडीबीका गतिविधि सम्बन्धी जानकारी दिनुका साथै नेपालमा विकासे मुद्दाबारे छलफल गर्न मञ्च उपलब्ध गराएको छ। यद्यपि यसमा प्रकाशित भएका लेखहरूले एडीबीको आधिकारिक विचार प्रवाह गरेको छ भनी अनिवार्यरुपमा भन्न सकिदैन। हामी पाठकहरूको सुझाव तथा प्रतिक्रियाको स्वागत गर्छौं।

नेपाल आवासीय नियोग
श्रीकुञ्ज, कमलादी, वार्ड नं. ३१
ब्लक नं. २/५९७, कामनपा
काठमाडौं, नेपाल।
फोन : (९७७-१) ४२२७ ७७९, ४२२७ ७८४, ४२२० ३०५
फ्याक्स : (९७७-१) ४२२५ ०६३
इमेल : adbnrm@adb.org
वेबसाइट : http://www.adb.org/NRM